नेपाल सरकार

विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८३/८४

च.नं. :- १९६

मिति :- वि.सं. २०८३/०८/०४

ने.स. :- ११४७ कछलाथ्व,११ शुक्रवार

विषयः २०८३ मंसिर महिनामा प्रकाशन गर्न थप लोककल्याणकारी विज्ञापन पठाइएको सम्बन्धमा।

श्री सम्पादक/प्रकाशकज्यू

आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन सहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा समावेश भएका पत्रपत्रिकाहरु (सबै)।

प्रस्तुत बिषयमा प्रत्येक बर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० तारिखसम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विभिन्न कार्यक्रम गरी लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने गरिएकोमा यस बर्ष पनि उक्त अवधि २०८३ मंसिर ९ देखि ऐ. २४ सम्म **"लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धताः पिडितको संरक्षण, दण्डहिनताको अन्त्य र न्यायको सुनिश्चितता"** भन्ने राष्ट्रिय नाराका साथ उक्त अभियान मनाउने र सोको प्रचारप्रसार विज्ञापन बोर्डमार्फत गर्ने निर्णयसहित श्री सूचना तथा सञ्चार मन्त्रालय, संस्थान समन्वय शाखाको च.नं. संस्थान/१२८२, मिति २०८३/०८/०२ को पत्रसाथ महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, लैङ्गिक हिंसा निवारण शाखाको च.नं. लैं.हिं.नि.शा./७६, मिति २०८३/०८/०१ को पत्र प्राप्त भएकोले छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ (दोस्रो संशोधन, २०८३ समेत) को दफा ७ को उपदफा (२) बमोजिम **"लैङ्गिक हिंसा दण्डनीय अपराध हो"** शिर्षकको यसैसाथ संलग्न लोककल्याणकारी विज्ञापन २०८३ साल मंसिर महिनाको उक्त अभियान अवधिमा प्राथमिकताका साथ निःशुल्क प्रकाशन गरिदिनु हुन निर्णयानुसार अनुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)

शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, लैङ्गिक हिंसा निवारण शाखा, सिंहदरबार, काठमाडौं

बोधार्थ/कार्यार्थ:

श्री हुलाक निर्देशनालय (सबै) र

श्री जिल्ला हुलाक कार्यालय (सम्बन्धित सबै)

(उल्लिखित व्यवस्था अनुरुप गर्नु/गराउनु हुन।)

इमेलः info@adboard.gov.np फोन नंः +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/

लैङ्गिक हिंसा दण्डनीय अपराध हो

- समाजमा हुने सबै प्रकारका हिंसा विरुद्ध एक जुट बनौं,
- लैङ्गिक हिंसा विरुद्ध सम्वेदनशिल र जिम्मेवार बनौं,
- प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसामुक्त समाज निर्माण गरौं,
- लैङ्गिक हिंसा पीडितलाई न्याय र सेवामा सहज पहुँच सुनिश्चित गरौं।

'लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता:
पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता'

नेपाल सरकार

विज्ञापन बोर्ड